# ओखलढुंगा जिल्ला अदालत

ओखलढुंगा

प्रशासन

☏ ०३७-५२०१९५

# सूचना सूचना सूचना

प्रकाशित मिति २०७४।४।१९

ओखलढुंगा जिल्ला अदालतमा मुद्दाको काम कारवाहीका सिलशिलामा बयान, बकपत्र लगायतका अन्य अदालती प्रकृयामा दोभाषेको सेवा उपलब्ध गराउने सन्दर्भमा अदालतको काम कारवाहीमा दोभाषे सेवाको प्रयोग सम्बन्धी निर्देशिका, २०७२ जारी भई लागू गरिएको सन्दर्भमा उक्त निर्देशिका बमोजिम स्रेस्तेदार वा ईजलासका आदेशबमोजिम नेपाली भाषा राम्रोसंग बुझ्न र बोल्न नसक्ने मुद्दाका पक्ष वा अदालतको आदेशले झिकाइएका अन्य कुनै व्यक्ति र अदालतले कानूनी सहायता उपलब्ध गराइएका वा कोर्ट फी तिर्न नसक्ने भनी अदालतले सहुलियत दिएका पक्षका साक्षी समेतका लागि सांकेतिक भाषाबाट नेपाली भाषामा वा नेपाली भाषाबाट सांकेतिक भाषामा मौखिक रुपमा उल्था गर्ने, लेख्ने र बोल्न जान्ने तथा सरकारी कामकाजको भाषा राम्रोसंग बोल्न र लेख्न जान्ने दोभाषेको सेवा उपलब्ध गराउन उल्लिखित निर्देशिकाको दफा ५ बमोजिम दोभाषेहरुको सूची तयार गर्न लागिएको हुँदा ईच्छुक नेपाली नागरिकबाट तामाङ्ग, राई, सुनुवार, शेर्पा, गुरुङ्ग, नेवारी, अंग्रेजी, मैथली, मगर र हिन्दी भाषामा आफ्नो विज्ञता सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस अदालतको प्रशासन शाखामा निवेदन दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०७४।४।१९

तीर्थराज भट्टराई

श्रेस्तेदार

शाखा अधिकृत